जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि




बर्ष १३ • अंक २३५ • २०८३ असार १ गते सोमवार • 15 Jun. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

## यो वर्षको तुलनामा अगामी वर्षमा बजेट घटाउने मधेश सरकारको तयारी

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ३१ जेठ**



मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि ल्याउने बजेटको आकार चालु आर्थिक वर्षको तुलनामा घटाउने तयारी गरेको छ । संघीय सरकारबाट प्राप्त हुने अनुदानमा कमी, आन्तरिक राजस्व संकलन अपेक्षाअनुसार हुन नसक्नु तथा समग्र आर्थिक स्रोतमा आएको संकुचनका कारण प्रदेश सरकार बजेटको आकार घटाउन बाध्य भएको हो ।

प्रदेश सरकारको अर्थ मन्त्रालयले असार १ गते प्रदेश सभामा प्रस्तुत गरिने बजेटको तयारी अन्तिम चरणमा पुगेको जनाएको छ । मन्त्रालयका अर्थ उपसचिव तथा प्रवक्ता जयकुमार राउतका अनुसार बजेट निर्माणसम्बन्धी प्राविधिक र नीतिगत तयारी पूरा भइसकेको छ भने उपलब्ध स्रोत र प्रदेशको प्राथमिक आवश्यकतालाई आधार बनाएर बजेट तर्जुमा गरिएको छ । प्रवक्ता राउतले आगामी बजेटमा कृषि, उद्योग, शिक्षा र स्वास्थ्य क्षेत्रलाई विशेष प्राथमिकतामा राखिएको जानकारी दिए । उत्पादन वृद्धि, रोजगारी सिर्जना, प्रदेशको अर्थतन्त्रलाई चलायमान बनाउने तथा आधारभूत सेवामा नागरिकको पहुँच विस्तार गर्ने लक्ष्यसहित ती क्षेत्रमा केन्द्रित कार्यक्रम समावेश गरिएको उनले बताए । 'बजेटको आकार गत वर्षको तुलनामा केही घट्ने देखिएको छ । तर, सीमित स्रोत साधनका बाबजुद पनि उत्पादनमूलक र जनजीवनसँग प्रत्यक्ष सम्बन्धित क्षेत्रलाई प्राथमिकता दिने प्रयास गरेका छौं,'राउतले भने । यद्यपि, बजेट निर्माणको प्रक्रियासँगै प्रदेश सरकारको एउटा पुरानो प्रतिबद्धता भने अझै कार्यान्वयन हुन सकेको छैन । मुख्यमन्त्री कृष्णप्रसाद यादव नेतृत्वको सरकारले सत्ता सम्हालेपछि प्रशासनिक खर्च कटौती गर्न मन्त्रालयको संख्या घटाउने घोषणा गरेको थियो । त्यसका लागि गठबन्धन दलहरूबीच १५ बुँदे सहमति समेत भएको थियो। तर उक्त निर्णय व्यवहारमा लागू हुन सकेको छैन । अर्थ मन्त्रालयका अनुसार आगामी बजेट हाल कायम रहेको प्रशासनिक संरचनाकै आधारमा तयार पारिएको छ । '११ वटा मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयलाई आधार मानेर बजेट निर्माण गरिएको छ,'प्रवक्ता राउतले बताए ।

## समाजमा हुने अपराध नियन्त्रण तथा सामाजिक विकृति न्यूनीकरणमा जोड



**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, ३१ जेठ**

जिल्ला प्रहरी कार्यालय धनुषाले जिल्लामा क्रियाशील विभिन्न संघसंस्था, पूर्व प्रहरी संगठन तथा मुस्लिम अगुवाका प्रतिनिधिहरूसँग छलफल गरेको छ ।

प्रहरी कार्यालयको आयोजनामा भएको उक्त कार्यक्रममा जिल्ला प्रहरी कार्यालय धनुषाका प्रमुख प्रहरी उपरीक्षक रुपेश खड्काले सहभागीहरूसँग परिचय आदान प्रदान गर्दै जिल्लाको शान्ति सुरक्षा, अपराध नियन्त्रण, लागूऔषध दुर्व्यसन न्यूनीकरण, ट्राफिक व्यवस्थापन तथा समुदाय-प्रहरी साझेदारीलाई थप प्रभावकारी बनाउनुपर्नेमा जोड दिए । उनले समाजमा हुने विभिन्न प्रकारका अपराध नियन्त्रण तथा सामाजिक विकृति न्यूनीकरणका लागि पूर्व प्रहरी तथा सरोकारवाला निकायबीचको सहकार्य अपरिहार्य रहेको उल्लेख गर्दै सबै पक्षको सक्रिय सहयोग आवश्यक रहेको बताए ।

कार्यक्रममा सहभागी सरोकारवालाले पनि जिल्लाको शान्ति सुरक्षा, अपराध नियन्त्रण तथा जनचेतनामूलक गतिविधिमा अझ सक्रिय रूपमा सहयोग र समन्वय गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए । कार्यक्रममा आपसी परिचय, अनुभव आदान प्रदान तथा समसामयिक सुरक्षा चुनौतीबारे छलफल गरिएको थियो । प्रहरी र सरोकारवाला निकायबीचको सम्बन्धलाई थप सुदृढ बनाउँदै धनुषा जिल्लाको शान्ति सुरक्षामा योगदान पुऱ्याउने उद्देश्यसहित कार्यक्रम सम्पन्न भएको प्रहरीले जनाएको छ ।

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme
33 Years of Academic Excellence




**योग्यता, स्वच्छता, निष्पक्षता-लोक सेवा आयोगको प्रतिवद्धता**

- योग्यतामा आधारित छनौट प्रणालीको सम्मान गरौं,
- योग्यता र प्रतिस्पर्धाको सम्मान गर्दै रोजगारीमा समान अवसरको सदुपयोग गरौं,
- स्वदेशमा नै प्रतिभाको कदर गरौं र प्रतिभा पलायन हुनबाट रोक्ने वातावरण सिर्जना गरौं,
- निर्भिक एवं निष्पक्ष रुपमा राष्ट्रको सेवा गर्ने अवसरको उपयोग गरौं र गराऔं,
- २०८३ असार १ गते लोक सेवा आयोगको ७६ औं बार्षिकोत्सव भव्यताका साथ मनाऔं ।

**लोक सेवा आयोगको प्रतिबद्धताः प्रतिस्पर्धात्मक छनौटको सुनिश्चितता ।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**




# अर्थतन्त्र निर्माणमा लाग्न जरुरी

*नेपाल एउटा विकासन्मुख राष्ट्र रहेका छन । अझै पनि भौतिक पूर्वाधार र आर्थिक विकासको मेरुदण्ड निर्माणमा यो देश धेरै नै पछि रहेको देखिन्छ । यस्तो अवस्थामा द्विपक्षीय तथा बहुपक्षीय वैदेशिक अनुदान तथा सहायाता नेपालका लागि महत्वपूर्ण र अपरिहार्य अवश्य रहेको छ तर सँगसँगै त्यसले निम्त्याउन सक्ने रणनीतिक निर्भरता र प्रभाव विस्तारको जोखिमले यो राष्ट्को निर्णय स्वतन्तत्रालाई कमजोर बनाउन सक्ने सम्भावनालाई पनि नजर अन्दाजचाहिँ गर्न सकिन्न । विकास र निर्भरताबीचको यो द्वन्द्वले नेपाललाई झनै भूराजनीतिक दुविधामा पारेका छन । वास्तवमै, भूराजनीति आफैंमा यथार्थ रहेको देखिन्छ । आजको विश्वमा भूराजनीतिको पूर्ण परिवर्तन लगभग असम्भव रहेका छन ।*

*तर, भूराजनीतिक यथार्थ नै देशको अन्तिम भाग्य निर्णायक भने होइन । नेपाल जस्तो सीमित विकल्प भएको राष्ट्रले पनि उचित र दूरदर्शी भूरणनीति तथा भूअर्थनीति अपनाउन सके आफ्नो भूराजनीतिक यथार्थलाई पुनः आकार दिन सक्छौं जस्तै प्राकृतिक स्रोत, मानव पुँजी, प्रविधि तथा कृषि आधुनिकीकरण मार्फत आत्मनिर्भर अर्थतन्त्र निर्माण गरी नेपालले भूराजनीतिक यथार्थमा फेरबदल ल्याउन सक्ने देखिन्छ । वैदेशिक सहायताले मात्र देश बन्दैन । यदि त्यसो हुन्थ्यो त झन्डै ७ दशकभन्दा अघिदेखि वैदेशिक सहायता लिँदै आएको नेपाल आजसम्म त आर्थिक रूपमा कायापलट हुन्थ्यो । कसैको रणनीतिक जालोमा पो परिन्छ कि भन्ने त्राससहित सहायता लिनुभन्दा आफ्नै खुट्टामा उभिन सक्ने अर्थतन्त्र निर्माणमा लाग्नु नेपालका लागि बढी हितकर हुने देखिन्छ ।*

# मधेश प्रदेशका सबै घरधुरीमा विद्युत सेवा पुगेको सरकारको आर्थिक सर्वेक्षणमा

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, ३१ जेठ**

मधेश प्रदेशका सबै घरधुरीमा विद्युत सेवा पुगेको सरकारको आर्थिक सर्वेक्षणमा उल्लेख गरिएको छ । आर्थिक वर्ष २०८२/०८३ का लागि आइतबार प्रदेशसभामा पेश गरिएको सर्वेक्षणमा राष्ट्रिय प्रसारणमार्फत प्रदेशका १ सय ३६ स्थानीय तहका १ हजार २ सय ७१ वडाका सम्पूर्ण घरधुरीमा विद्युत पहुँच सुनिश्चित भएको दाबी गरिएको हो ।

अर्थमन्त्री युवराज भट्टराईले प्रस्तुत गरेको आर्थिक सर्वेक्षणअनुसार मधेश प्रदेशका सबै पालिकामा बैंक तथा वित्तीय सेवाको पहुँच विस्तार भइसकेको छ । प्रदेशभर बैंक तथा वित्तीय संस्थाका १ हजार ७ सय ५४ शाखामार्फत सेवा प्रवाह भइरहेको पनि उल्लेख गरिएको छ ।

तर, आर्थिक सर्वेक्षणले मधेश प्रदेशको आर्थिक वृद्धि दर कृषि क्षेत्रमा आएको गिरावटका कारण केवल १.३१ प्रतिशतमा सीमित रहने प्रक्षेपण गरेको छ । कृषि क्षेत्र अझै पनि प्रदेशको अर्थतन्त्रको प्रमुख आधार रहेको भन्दै यसको योगदान महत्वपूर्ण रहेको जनाइएको छ । सर्वेक्षणमा कृषि, वन तथा मत्स्य क्षेत्रको योगदान कुल अर्थतन्त्रमा ३४.९७ प्रतिशत रहेको उल्लेख छ ।



# २१ किलो गाँजासहित एक जना पक्राउ




**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, ३१ जेठ**

सिरहाको सुखीपुर नगरपालिका-८ स्थित सुखीपुर बजार क्षेत्रबाट प्रहरीले २१ किलो गाँजासहित एक जनालाई पक्राउ गरेको छ । लागूऔषध नियन्त्रण ब्यूरोबाट खटिएको प्रहरी टोलीले शङ्कास्पद अवस्थामा मोटरसाइकलमा सवार एक व्यक्तिलाई जाँच गर्ने क्रममा ठूलो परिमाणमा गाँजा फेला पारेपछि पक्राउ गरेको हो । पक्राउ पर्नेमा धनगढीमाई नगरपालिका-१४ निवासी उमेशकुमार मगर रहेका छन् । जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी रमेशबहादुर पालका अनुसार मगर सवार मोटरसाइकलको खानतलासी गर्दा २१ किलो गाँजा बरामद भएको थियो ।





बलवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश नेपाल




रामगोपालपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश नेपाल


## तपाईको टुडे

मेष: अनावश्यक खर्चको संभावना
वृष: आम्दानी हुने
मिथुन: लामो यात्राको योग छ
कर्कट: पिछडेको साथी मिल्न
सिंह: अनावश्यक चिन्ता
कन्या: अशुभ समाचार प्राप्त हुने
तुला: शुभ कार्यको शुरुवात
वृश्चिक: मनमा पछुतो आउने
धनु: मित्रतामा फाटो आउने
मकर: खानपानमा समस्या आउने
कुम्भ: विचार गरेर बोल्नुहोला
मीन: पढाईमा ध्यान दिनुपर्ने


## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलवार कुट्टिको बिचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# नेपालले भारतसहित कुनै पनि देशको भूमि नमिचेको: यादव

**जलेश्वरटुडे समाचारदाता**
**पर्सा, ३१ जेठ**




जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले नेपालले भारतसहित कुनै पनि देशको भूमि नमिचेको बताएका छन् । पर्सामा आइतबार आयोजित एक कार्यक्रममा बोल्दै उनले नेपालले छिमेकी राष्ट्रको भूमि अतिक्रमण गरेको भन्ने दाबी तथ्यहीन रहेको जिकिर गरेका हुन् ।

अध्यक्ष यादवले आफू दुई पटक नेपालको परराष्ट्रमन्त्रीको जिम्मेवारी सम्हालिसकेको स्मरण गराउँदै हालसम्म नेपालले भारतको भूमि मिचेको भन्ने कुनै आधिकारिक जानकारी प्राप्त नभएको बताए । उनले यस्तो संवेदनशील विषयमा सार्वजनिक रूपमा अभिव्यक्ति दिँदा तथ्य र प्रमाणका आधारमा बोल्नुपर्ने धारणा राखे । उनले भारतले समेत हालसम्म नेपालले आफ्नो भूमि अतिक्रमण गरेको दाबी नगरेको अवस्थामा नेपालकै तर्फबाट यस्तो विषय उठाइनु आश्चर्यजनक भएको टिप्पणी गरे । अन्तर्राष्ट्रिय सम्बन्ध र कूटनीतिक मामिलामा जिम्मेवार अभिव्यक्ति आवश्यक रहेको उनको भनाइ थियो ।

'नेपालले भारतको भूमि मिचेको भनिएको छ भने त्यसको आधार, तथ्य र प्रमाण सार्वजनिक हुनुपर्छ,' यादवले भने, 'यस्तो गम्भीर विषयमा कसैले दाबी गर्छ भने त्यसलाई पुष्टि गर्ने जिम्मेवारी पनि उसैको हुन्छ ।' अध्यक्ष यादवले राष्ट्रिय हित, सीमा सम्बन्ध र परराष्ट्र नीतिसँग जोडिएका विषयमा अनावश्यक विवाद सिर्जना गर्नेभन्दा पनि तथ्यपरक बहस आवश्यक रहेको बताए । उनले यस्ता अभिव्यक्तिले कूटनीतिक सम्बन्धमा समेत असर पार्न सक्ने भएकाले सबै पक्षले जिम्मेवारीपूर्वक धारणा राख्नुपर्नेमा जोड दिए ।

कार्यक्रममा उनले समसामयिक राजनीतिक विषय, लोकतान्त्रिक अभ्यास तथा राष्ट्रिय स्वाभिमानसँग सम्बन्धित मुद्दामा पनि आफ्नो धारणा व्यक्त गर्दै राष्ट्रिय हितका विषयमा सबै राजनीतिक दल एकजुट हुनुपर्ने बताए ।

# 'गुगल फर एजुकेशन सर्टिफाइड इनोभेटर' कार्यक्रममा साह छनोट

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, ३१ जेठ**




मोनाष्टिक स्कुलका प्रबन्धक डा. सोनु कुमार साह प्रतिष्ठित 'गुगल फर एजुकेशन सर्टिफाइड इनोभेटर' कार्यक्रममा छनोट भएका छन् । अन्तर्राष्ट्रिय स्तरको यो उपलब्धिसँगै डा. साहले नेपाललाई विश्व शिक्षा नवप्रवर्तनको मञ्चमा प्रतिनिधित्व गरेका हुन् । स्विडेनको राजधानी स्टकहोमस्थित गुगल स्विडेनमा आयोजित इनोभेटर एकेडेमीमा सहभागी भएका डा. साहले विश्वका विभिन्न मुलुकका शिक्षाविद्हरूसँग सहकार्य, सिकाइ तथा अनुभव आदानप्रदान गर्ने अवसर प्राप्त गरेका छन् ।

उक्त कार्यक्रममा शिक्षा क्षेत्रमा नवप्रवर्तनलाई व्यवहारमा उतार्ने उद्देश्यसहित 'डिजाइन थिंकिङ', 'प्रोटोटाइप निर्माण' तथा कक्षाकोठामा देखिएका वास्तविक समस्याका व्यावहारिक समाधान विकास गर्ने विषयमा केन्द्रित प्रशिक्षण र छलफल गरिएको थियो । सहभागीहरूले शिक्षा प्रणालीलाई थप प्रभावकारी, समावेशी र प्रविधिमैत्री बनाउन आवश्यक सीप तथा अवधारणाबारे गहन अध्ययन गरेका थिए । डा. साहले यो उपलब्धिलाई आफ्नो शैक्षिक यात्राको महत्वपूर्ण उपलब्धि भएको बताउँदै यसले शिक्षा क्षेत्रमा नवीन सोच, सिर्जनशीलता र प्रविधिको प्रभावकारी प्रयोगलाई थप बल पुग्ने विश्वास व्यक्त गरेका छन् । उनका अनुसार शिक्षा क्षेत्रमा नवप्रवर्तन भनेको आधुनिक प्रविधिको प्रयोग मात्र नभई विद्यार्थीहरूका लागि नयाँ अवसर सिर्जना गर्ने, उनीहरूको क्षमता अभिवृद्धि गर्ने तथा प्रत्येक विद्यार्थीलाई आफ्नो सम्भावनाको उच्चतम उपयोग गर्न सहयोग पुर्याउने प्रक्रिया हो । कार्यक्रमबाट प्राप्त ज्ञान, अनुभव र अन्तर्राष्ट्रिय सञ्जालले आगामी दिनमा विद्यार्थी, शिक्षक तथा विद्यालयहरूको विकासका लागि नवप्रवर्तन र उद्यमशीलतामार्फत थप प्रभावकारी रूपमा काम गर्न प्रेरणा मिलेको डा. साहले बताए ।

नेपालको प्रतिनिधित्व गर्दै अन्तर्राष्ट्रिय मञ्चमा सहभागी हुन पाएको अवसरप्रति आभार व्यक्त गर्दै उनले कार्यक्रम सफल बनाउन सहयोग पुर्याएको गुगल स्विडेन टोली तथा क्यानोपी एजुकेशनप्रति विशेष धन्यवाद ज्ञापन गरेका छन् ।





**भंगहा नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश नेपाल




**सम्सी गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश नेपाल




**जलेश्वर नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश नेपाल




**लोहारपट्टी नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश नेपाल

# परिवर्तन र निरन्तरता : प्रतिस्पर्धी कि परिपूरक ?



-नेपाली राजनीतिमा परिवर्तन र निरन्तरताबीचको बहसले नयाँ र पुराना शक्तिलाई प्रतिस्पर्धीभन्दा परिपूरक रूपमा बुझ्न आवश्यक छ। लोकतन्त्रमा संस्थागत निरन्तरता र विधिसम्मत परिवर्तन दुवैको सन्तुलनले मात्र दिगो सुधार सम्भव हुन्छ । व्यक्तिको लोकप्रियताभन्दा संस्थाको क्षमता र प्रक्रियासहितको परिणामलाई प्राथमिकता दिने संस्कृतिले लोकतन्त्रलाई सबल बनाउँछ।

पछिल्ला दुई निर्वाचनमा नेपाली राजनीतिक बहसको केन्द्रमा रह्यो- पुराना कि नयाँ ? स्थापित दलहरूलाई विफलता र यथास्थितिको प्रतीकका रूपमा चित्रित गरियो भने नयाँ राजनीतिक शक्तिलाई परिवर्तन, आशा र विकल्पका रूपमा । 'पुराना' शब्द विफलता, भ्रष्टाचार र असफल शासनको पर्याय जस्तै प्रयोग हुन थालेको छ। स्थापित दलहरूलाई प्रायः 'पुरानो शक्ति'को ट्याग लगाइन्छ। यद्यपि, पुरानो सधैं अक्षम भन्ने होइन । त्यो अनुभव पनि हुन सक्छ। संस्थागत स्मृति पनि हुन सक्छ । संकट व्यवस्थापनको अभ्यास पनि हुन सक्छ। लोकतन्त्रमा संस्थाको काम गर्ने तरिका बुझ्ने नेतृत्वको आवश्यकता रहन्छ।

त्यस्तै, 'नयाँ' शब्द आशा, ऊर्जा र विकल्पको प्रतीक बनेको छ । नयाँ राजनीतिक शक्तिहरूको उदयले जनतामा विकल्पको चाहना बलियो भएको देखाएको छ। नयाँले ताजा सोच, सुधारको मनोवृत्ति र स्थापित ढाँचाप्रति चुनौती दिने साहस ल्याउन सक्छ। तर नयाँ हुनु मात्र पर्याप्त छैन । शासन अनुभव, नीतिगत गहिराइ र संस्थागत संयोजनको क्षमता पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ।

राजनीतिक दर्शनमा पुरानो र नयाँबीचको बहस भने नयाँ होइन । अठारौं शताब्दीका ब्रिटिस चिन्तक एडमन्ड बर्कले समाजलाई पुस्तौंदेखि पुस्तासम्म चल्ने एउटा सामाजिक सम्झौता मानेका थिए । उनका अनुसार स्थायित्व र परम्परालाई पूर्ण रूपमा अस्वीकार गरेर गरिएको परिवर्तनले अनपेक्षित अस्थिरता निम्त्याउन सक्छ । अर्कोतर्फ, थोमस पेन जस्ता विचारकहरूले प्रत्येक पुस्ताले आफ्नो राजनीतिक व्यवस्था पुनर्विचार गर्ने अधिकार राख्ने तर्क गरेका थिए । लोकतन्त्रको शक्ति नै यसले परिवर्तनको अधिकार र निरन्तरताको आवश्यकता दुवैलाई स्वीकार गर्छ । नयाँ अनुहारले पुरानै संरचना जस्ताको तस्तै राख्न सक्छ । पुरानो नेताले गहिरो सुधारको एजेन्डा अघि सार्न सक्छ । त्यसैले अनुहार होइन, दृष्टि निर्णायक हो। तर आजको नेपाली राजनीतिक सन्दर्भमा अर्को एउटा भ्रम पनि देखिन्छ- नयाँपनलाई कहिलेकाहीं प्रक्रियाभन्दा माथि राख्ने प्रवृत्ति। स्थापित राजनीतिक दलहरूको विफलताप्रतिको असन्तुष्टि यति गहिरो छ कि कतिपय अवस्थामा नागरिकहरू परिणाम देखिएसम्म विधि र प्रक्रियाबारेका प्रश्नलाई गौण ठान्न थालेका छन्।

तर लोकतान्त्रिक शासनमा विधिको शासन, संस्थागत सन्तुलन, सार्वजनिक जवाफदेहिता र संवैधानिक मर्यादा अनावश्यक झन्झट होइनन्, ती लोकतन्त्रलाई टिकाइराख्ने आधार स्तम्भ हुन्। नयाँ अनुहारले पुरानै संरचना जस्ताको तस्तै राख्न सक्छ । पुरानो नेताले गहिरो सुधारको एजेन्डा अघि सार्न सक्छ। त्यसैले अनुहार होइन, दृष्टि निर्णायक हो । राजनीतिक अर्थमा परिवर्तन भनेको केवल नेतृत्व फेरबदल होइन। त्यो संरचनात्मक हस्तक्षेप हो। परिवर्तन कुनै व्यक्तिमा होइन, प्रणालीमा देखिनुपर्छ । परिवर्तन सत्ता परिवर्तन मात्र होइन, कार्यशैली परिवर्तन हो ।

परिवर्तनको अर्को महत्त्वपूर्ण आयाम राजनीतिक संस्कृतिसँग जोडिएको हुन्छ । लोकतन्त्रमा परिवर्तन भन्नाले केवल छिटो निर्णय लिन सक्ने नेतृत्वको उदय मात्र होइन, आलोचना सुन्न सक्ने क्षमता, सार्वजनिक प्रश्नको उत्तर दिने संस्कार र संस्थागत नियन्त्रण तथा सन्तुलनलाई स्वीकार गर्ने परिपक्वता पनि हो । कुनै पनि समाजमा जनताले स्थापित शक्तिप्रति असन्तुष्टि व्यक्त गर्दा नयाँ नेतृत्वको उदय स्वाभाविक हुन्छ ।

**साभार : कान्तिपुर ।**





**औरही नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश नेपाल




**जनकपुरधाम उपमहानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश नेपाल




**शहिदनगर नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश नेपाल




**धनौजी गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश नेपाल


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday